आज मिति २०८२/०९/२४ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| क्र.स. | हस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार बिक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव एवं नि.प्र.प्र.अ. | श्री धन प्रसाद पोखेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | लेखा अधिकृत | श्री प्रेम प्रसाद शर्मा |
| २ | | प्रशासन शा. प्रमुख | श्री [illegible] |
| ३ | | [illegible] | श्री ईशान श्रेष्ठ |
| ४ | | | श्री शान्ती देवी शर्मा पौडेल |

श्री लक्ष्मी श्रेष्ठ

Laxmi

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. आ.व.०८२/०८३ को नीति तथा कार्यक्रमको समिक्षा सम्बन्धमा ।

३. आर्थिक ऐन, २०८२ को संशोधन प्रस्ताव सम्बन्धमा ।

४. आ.व.०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रमको संशोधन प्रस्ताव सम्बन्धमा ।

५. विभिन्न विधेयक सम्वन्धमा ।

६. विषयगत समितिबाट पेश हुन आएका प्रतिवेदनहरुका सम्बन्धमा ।

७. नगरसभामा पेश गर्ने विविध प्रस्ताव सम्वन्धमा ।

८. विविध सम्बन्धमा ।

**निर्णयहरु :**

**निणर्य नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरप्रमुख ज्युबाट तयार पारिएको आ.व.०८२/०८३ को नीति तथा कार्यक्रमको समिक्षा माथि छलफल भयो । उक्त नीति तथा कार्यक्रमको समिक्षात्मक प्रस्तुति अठारौं नगरसभामा नगरप्रमुख ज्युबाट गर्ने निर्णय गरियो ।

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सत्रौं नगरसभाबाट स्वीकृत आर्थिक ऐन, २०८२ को संशोधन प्रस्ताव अठारौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निणर्य नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ आ.व.०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रम (बजेट) को समिक्षा सहितको संशोधन प्रस्ताव माथि छलफल भयो । उक्त संशोधन प्रस्ताव अठारौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निणर्य नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अठारौं नगरसभा समक्ष पेश गर्नको लागि विधायन समिति मार्फत प्राप्त देहाय बमोजिमका विधेयकहरु माथि छलफल सम्पन्न भयो । उक्त विधेयकहरु स्वीकृतिको लागि अठारौं नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**देहाय**

(क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२

(ख) स्थानीय तहमा वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२

**निणर्य नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको विषयगत समितिबाट पेश हुन आएका प्रतिवेदनहरुका सम्बन्धमा छलफल भै देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | विषयगत समिति | प्रतिवेदनमा उल्लेख भएको मुख्य व्यहोरा | प्रतिवेदन सम्बन्धमा भएको निर्णय |
|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास समिति | नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन माथी छलफल भै प्रतिवेदन पास गर्नु पर्ने । | संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभा समक्ष पेश गर्ने । |
| २ | सामाजिक विकास समिति | हरेक वडामा कम्तीमा एक वटा आवासिय सुविधा सहितको विद्यालयहरु निर्माणको लागि पहल गर्नु पर्ने । | आगामी नगरसभामा प्रस्ताव पेश गर्ने र संघ तथा प्रदेश सरकारमा बजेट माग गर्ने । |
| ३ | आर्थिक विकास समिति | रोजगारी वृद्धिका कार्यक्रमहरु संचालन गर्नु पर्ने, कृषि क्षेत्र अन्र्तगत उच्च बजार मुल्य भएका बालीमा कृषकहरुलाई प्रोत्साहन गर्नु पर्ने । | आगामी नगरसभामा प्रस्ताव पेश गर्ने । |
| ४ | पूर्वाधार विकास समिति | निर्मित संरचनाको मर्मतको लागि मर्मत संभार कोष स्थापना गर्नु पर्ने । नयाँ सडक निर्माण भन्दा भएका सड्कको स्तरोन्नतीको लागि पहल गर्नु पर्ने । | मर्मत संभार कोष वृद्धिको लागि प्रस्ताव पेश गर्ने । |

| | | | |
|---|---|---|---|
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | सामुदायिक वन क्षेत्र भित्र भौतिक निर्माण समस्या परेको हुँदा सो सम्बन्धमा सहजिकरणको लागि सम्बन्धित निकायमा पहल गर्नु पर्ने । | सम्बन्धित निकायमा सहजिकरणको लागि पहल गर्ने । |

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा देहाय बमोजिमका विविध प्रस्तावहरु आगामी अठारौं नगरसभा समक्ष आवश्यक निणयार्थ पेश गर्ने निर्णय गरियो ।

(१) निर्णय अनुमोदन सम्वन्धमा ।

(२) खर्च अनुमोदन सम्वन्धमा ।

(३) कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सम्वन्धमा ।

(४) नगरप्रमुखलाई अख्तियारी दिने सम्वन्धमा ।

(५) मेलमिलाप कर्ताहरुको अद्यावधिक सूचीलाई अनुमोदन गर्ने सम्वन्धमा ।

(६) योजना सम्झौताको समय सीमा सम्बन्धमा ।

(७) बजेटका श्रोत साट्फेर सम्बन्धमा ।

(८) शहीद शौरन किशोर श्रेष्ठको प्रतिमा स्थापना गर्ने सम्बन्धमा ।

(९) जेष्ठ नागरिक भवनमा तला थप सम्बन्धमा ।

(१०) विद्यमान वन सम्बन्धी ऐन, कानुन संशोधनको लागि नेपाल सरकारमा अनुरोध गर्ने सम्बन्धमा ।

(११) कृषि सामग्री कम्पनी लिमिटेडको नाममा नापी दर्ता भएको जग्गा सम्बन्धमा ।

(१२) धन्यवाद ज्ञापन सम्वन्धमा ।

(१३) विविध सम्बन्धमा ।